# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) हेटौंडा, नेपाल, फागुन १७ गते, २०८० साल (सङ्ख्या ३४


## भाग ३

## बागमती प्रदेश सरकार

## उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### <u>प्रदेशस्तरीय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०</u>

**<u>प्रस्तावनाः</u>** उपभोक्ता हित संरक्षण र बजार अनुगमन, उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, परिमाण एवं मूल्यमा हुनसक्ने अनियमितताबाट उपभोक्ताको हित संरक्षण

गर्न, वस्तु तथा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा सञ्चयस्थल, थोक तथा खुद्रा बिक्रीस्थल र उपभोग स्थललगायतका ठाउँहरुमा वस्तु तथा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोबारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापनलगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तथा विभिन्न धर्मालम्बीहरुको महत्वपूर्ण चाडपर्वमा सुपथ मूल्यमा सहज बजार व्यवस्था गर्न, आवश्यकताअनुसार जिल्लाहरुमा सस्तो बजार चलाउनसमेत आवश्यक भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो प्रदेशस्तरीय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८० जारी गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "प्रदेशस्तरीय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुगमन टोली" भन्नाले विशेषज्ञसहितको बजार अनुगमन टोली सम्झनु पर्छ।

(ख) "अनुगमन समिति" भन्नाले जिल्लास्तरमा गठन भएको दफा ७ बमोजिमको जिल्ला बजार अनुगमन समिति सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले घरेलु तथा साना उद्योग कार्यालय सम्झनु पर्छ र यस शब्दले उद्योग वा वाणिज्य सम्बन्धी कार्य गर्ने प्रदेशस्तरीय जिल्ला स्थित कार्यालयलाईसमेत जनाउनेछ।

(घ) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ।

(ङ) "प्रदायक" भन्नाले वस्तु तथा सेवाको उत्पादक, आयातकर्ता, भण्डार वा विक्रीवितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको समिश्रणबाट बनेको पदार्थ सम्झनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाईसमेत जनाउनेछ।

(झ) "बिक्रेता" भन्नाले वस्तु तथा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा बिक्रेता तथा सेवा प्रदायक सम्झनु पर्छ र सो शब्दले होटल, लज, होष्टेल, खाजाघर सञ्चालक आदिलाईसमेत जनाउने छ।

(ञ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको उपभोक्ता हित संरक्षण समिति सम्झनु पर्दछ।

(ट) "सेवा" भन्नाले व्यवसायिक सेवा, सञ्चार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तीय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवालगायतका दस्तुर/पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सबै प्रकारका सेवा सम्झनु पर्छ।

(ठ) "निर्देशिका" भन्नाले यस प्रदेशस्तरीय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८० लाई सम्झनु पर्छ।

## परिच्छेद- २

## उपभोक्ता हित संरक्षण समिति

३. **उपभोक्ता हित संरक्षण समितिः** (१) उपभोक्ताको हित संरक्षण सम्बन्धी विषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार

अनुगमन कार्यलाई मार्गदर्शन एंव समन्वयको लागि प्रदेशस्तरमा देहायबमोजिमको एक उपभोक्ता हित संरक्षण समिति रहनेछ।

(क) निर्देशक, उद्योग, वाणिज्य एवं उपभोक्ता हित संरक्षण निर्देशनालय -संयोजक

(ख) प्रतिनिधि (अधिकृतस्तर) आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि (अधिकृतस्तर) कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि (अधिकृतस्तर) प्रदेश प्रहरी कार्यालय -सदस्य

(ङ) अध्यक्ष वा प्रतिनिधि बागमती प्रदेश उद्योग वाणिज्य संघ -सदस्य

(च) उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्थाका प्रतिनिधि मध्येबाट एक जना -सदस्य

(छ) शाखा प्रमुख, वाणिज्य प्रशासन तथा उपभोक्ता हित संरक्षण शाखा -सदस्य-सचिव

(२) समितिले सरकारका कुनै अधिकृतस्तरको कर्मचारी वा विज्ञलाई बैठकमा आमन्त्रण गरी सम्बन्धित विषयको राय सुझाव लिन सक्नेछ।

४. **<u>उपभोक्ता हित संरक्षण समितिको काम, कर्तव्य र अधिकारः</u>** दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उपभोक्ता हित संरक्षणको लागि आवश्यक नीति निर्माण गर्ने,

(ख) अत्यावश्यक वस्तुहरुको माग र आपूर्तिसम्बन्धी तथ्याङ्क सङ्कलन गरी सो अनुसार मागको प्रक्षेपण गर्ने,

(ग) अनुसूची-१ बमोजिमको फारममा उल्लेख भए अनुसार प्रस्तुत गरेको बजार अनुगमनसम्बन्धी प्रतिवेदन उपर विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(घ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु तथा सेवाको छड्के अनुगमन गर्ने,

(ङ) बजार अनुगमनसम्बन्धी कामको मूल्याङ्कन गर्ने र अनुगमन समिति तथा टोलीलाई आवश्यकताअनुसार मार्ग दर्शन गर्ने,

(च) समितिले आवश्यक ठानेमा जुनसुकै घर, गोदाम, उद्योग, पसलमा आकस्मिक रुपमा अनुगमन गरी प्रचलित कानूनबमोजिम कारबाही चलाउने।

(छ) प्रदेश सरकारले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने/गराउने।

५. **<u>उपभोक्ता हित संरक्षण समिति बैठकसम्बन्धी कार्यविधिः</u>** दफा ३ बमोजिम गठन भएको समितिको बैठकसम्बन्धी कार्यविधि देहायबमोजिम हुनेछः-

(क) उपभोक्ता हित संरक्षण समितिको बैठक २ महिनामा एक पटक बस्नु पर्नेछ,

(ख) समितिले बैठकसम्बन्धी आफ्नो कार्याविधि आफै तयार गर्नेछ,

(ग) समितिको सचिवालय निर्देशनालयमा रहनेछ।

## परिच्छेद- ३

## <u>बजार अनुगमनसम्बन्धी व्यवस्था</u>

६. **<u>व्यापारिक क्रियाकलापलाई उपभोक्तामैत्री बनाउनः</u>** वस्तु तथा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौललगायतका निर्देशनालयले निम्न व्यवस्था गर्नु पर्नेछः-

(क) गुणस्तरीय उपभोग्य बस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चिततासहित उपभोक्ताको हक र हितको संरक्षण गर्न नियमित र प्रभावकारी बजार अनुगमनको लागि समन्वय एवं आवश्यक व्यवस्था गर्ने,

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानुनको कार्यान्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धित सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकतामा राख्ने,

(घ) उपभोक्तालाई सचेत र जागरुक तुल्याउन उपभोक्ता सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने,

(ङ) प्रदेशभित्र स्थापित वा सञ्चालित उद्योग व्यवसायको दर्ता, नवीकरण, बिल विजक तथा बिक्रीको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति आदिको अनुगमन गर्ने/गराउने,

(च) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटललगायतका खाद्य वस्तुको बिक्रीस्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने/गराउने,

(छ) बिक्रेतासँग आफूले खरिद गरी ल्याएको खाद्यपदार्थसम्बन्धी वस्तुहरुको बिल विजकमा अधिकतम २०% भन्दा बढी मुनाफा लिन नपाउने गरी आवश्यक निर्देशन जारी गर्ने।

७. <u>**जिल्ला बजार अनुगमन समिति गठनः**</u> (१) वस्तु तथा सेवा प्रदायक व्यवसायको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एवं आकस्मिक

अनुगमनको लागि जिल्लास्तरमा देहायबमोजिमको बजार अनुगमन समिति रहनेछः-

(क) सहायक प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) जिल्ला समन्वय समिति कार्यालयको (अधिकृतस्तर) प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको अधिकृत प्रतिनिधि एकजना -सदस्य

(घ) सम्बन्धित कर कार्यालयको प्रतिनिधि एक जना (कर कार्यालय नभएको जिल्लाको हकमा कोष तथा लेखा नियत्रण कार्यालयका प्रतिनिधि एक जना)-सदस्य

(ङ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि एक जना -सदस्य

(च) विषयगत विज्ञ -सदस्य

(छ) उद्योग, वाणिज्यक्षेत्रमा कार्यरत संस्थामध्येबाट १ जना -सदस्य

(ज) उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्था -सदस्य

(झ) पत्रकार वा सञ्चारकर्मी मध्येबाट १ जना -सदस्य

(ञ) कानून व्यवसायीक्षेत्रमा कार्यरत कानून व्यवसायी मध्येबाट १ जना -सदस्य

(ट) घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग, वाणिज्य, आपूर्ति वा उपभोक्ता हित संरक्षण हेर्ने जिल्ला स्थित कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य-सचिव

यस दफाको खण्ड (छ),(ज),(झ) र (ञ) मा उल्लेखित पदाधिकारी मनोनयन गर्दा जिल्लास्थित क्रियाशील सङ्घ/संस्था मध्येबाट मन्त्रालयले मनोनयन गर्नेछ।

(२) उपदफा (१) अनुसारका समितिका सदस्यहरु मध्येबाट कम्तीमा पाँच जना प्रतिनिधि संलग्न अनुगमन टोली बनाई बजार अनुगमनसम्बन्धी कार्य गरिनेछ।

तर कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ/प्राविधिक प्रतिनिधि अनिवार्य रुपमा समावेश गराउनु पर्नेछ।

(३) बजार अनुगमन टोलीले बजार अनुगमनको प्रतिवेदन सोही दिन अनुगमन समिति समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले मासिक रुपमा अनुसूची-१ को ढाँचामा बजार अनुगमनको एकीकृत प्रतिवेदन तयार गरी निर्देशनालयमा पेश गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम निर्देशनालयमा पेश भएको प्रतिवेदन निर्देशनालयले दफा ३ बमोजिमको समिति संमक्ष पेश गर्नुपर्नेछ।

८. <u>**बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**</u> दफा ७ बमोजिमको अनुगमन समितिले प्रचलित कानूनबमोजिम देहाय अनुसारका कार्यहरु गर्नु पर्नेछः-

(क) बजार अनुगमनको पूर्व कार्ययोजना र आवश्यकता अनुसार अनुगमन कार्यतालिका बनाई बजार अनुगमन गर्ने,

(ख) स्वीकृत कार्ययोजनाबमोजिम नियमितरुपमा बजार अनुगमन गर्ने र आवश्यकताबमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु तथा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापनलगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलेमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहीन) कम तौल भएको, म्याद नाघेको, अखाद्य रङ्ग मिसावट भएको, बजारमा बिक्री वितरणमा प्रतिबन्ध लगाएको देखिएमा/भेटिएमा आवश्यकताअनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) उपभोक्ता हित संरक्षण समितिबाट समय-समयमा दिइएका निर्देशन एवं आदेशबमोजिमका कामहरु गर्ने।

९. **<u>बजार अनुगमन कार्यविधिः</u>** बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछ र अनुसूची-३ बमोजिमको फारम भरी बजार अनुगमनको प्रमाणित फारम सम्बन्धित व्यवसायीलाई दिनु पर्नेछ।

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानूनबमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाण-पत्र, खाद्य अनुज्ञा-पत्र, औषधी बिक्रेता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ/छैन हेर्ने। साथै प्रमाणपत्र नियमित रुपमा नवीकरण भए/नभएको हेर्ने। प्रमाणपत्र नलिएको वा नविकरण गरेको नदेखिएमा बढीमा ७ दिनभित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने,

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने र नराखेको भए ३ दिनभित्रमा राखी कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने,

(ग) प्रदायकले वस्तुको बिक्री कक्षमा मूल्यसूची राखेको छ/छैन हेर्ने र नराखेको भए ३ दिनभित्रमा राखी

कार्यालयलाई सोको जानकारी दिन लिखित निर्देशन दिने,

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ/छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन हेर्ने,

(च) औषधी वा औषधीयुक्त पदार्थ भए सो को प्याकिङ्ग, प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने र औषधीविज्ञ (फार्मासिष्ट औषधी बिक्री स्थलमा भए/नभएको एवं औषधी विक्रेता प्रमाणपत्रसमेत  हेर्ने,

(छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, विस्कुट, पाउरोटीलगायतका खाद्य तथा उपभोग्य वस्तुहरु फेला परेमा नष्ट गरी त्यस्ता उपभोग्य मिति नाघेका सामानहरु नराख्न निर्देशन दिने,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ/छैन हेर्ने र पुनः लेबलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृतिअनुसार मुचुल्का गरी नष्ट गर्ने र त्यस्ता वस्तुहरु नराख्न निर्देशन दिने,

(झ) माछा, मासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी, होटल, बधशाला वा माछा, मासु बिक्रीस्थल सफासुग्घर र मापदण्ड अनुसार छ/छैन हेर्ने र नभएमा कसुरको प्रकृतिअनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिएबमोजिम दण्ड जरिवाना गर्ने,

(ञ) बिक्रेता वा क्रेतालाई वस्तुको बिल विजक जारी गरेको छ/छैन हेर्ने र नभए बिल अनिवार्य जारी गर्न निर्देशन दिने,

(ट) उपभोक्ताको प्रयोगमा आउने ग्यास सिलिण्डर बिक्रीवितरण गर्ने व्यवसायीबाट सिलिण्डरको तौल, उत्पादक कम्पनीको नाम, सिलिण्डरको सिरियल नम्बरसमेत उल्लेख गरी बिल विजक जारी गर्न लगाउने/बिल विजक जारी भए, नभएको हेर्ने।

## परिच्छेद- ४

## उजुरीसम्बन्धी व्यवस्था

१०. **उजुरी दिन सक्नेः** (१) कुनै वस्तु तथा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनी कुनै पनि व्यक्तिले उपभोक्ता हित संरक्षण समिति वा अनुगमन समिति वा निर्देशनालयमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निकायले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा सोलाईसमेत उजुरीको रुपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरिक्षण गर्दा बिक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेमा विक्रेताले प्रचलित कानूनबमोजिम निर्देशनालय तथा अनुगमन समितिसमक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ।

## परिच्छेद- ५

## अनुगमनसम्बन्धी प्रक्रिया

११. **अनुगमनको पूर्वतयारीः** अनुगमन टोलीले अनुगमन गर्नुपूर्व देहायको तयारी गर्नु पर्नेछः-

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो

प्रथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नु पर्नेछ,

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु तथा सेवासँग सम्बन्धित ऐन नियमहरु, विवरण र चेकलिष्ट साथै लिइ जानु पर्नेछ,

(ग) वस्तु तथा सेवाको आपूर्ति, बिक्रीवितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन, सुरक्षा व्यवस्था आदिको पूर्व तयारी गर्नु पर्नेछ।

१२. **बजार अनुगमन गर्ने प्रकृयाः** (१) बजार अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नु पर्नेछ। अनुगमन टोलीका संयोजकले अनुगमनको आवश्यकताबारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा बिरोध गरेमा बाधा बिरोध गर्नेलाई प्रचलित कानूनबमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(३) अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु तथा सेवाको नमूना सङ्कलन गर्नुपर्ने देखिएमा प्रचलित कानूनबमोजिम

नमूना सङ्कलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीकोसमेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्नेछ र सम्बन्धित व्यवसायीले मुचुल्का दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरुको रोहवरमा मुचुल्का तयार गरी आवश्यकताअनुसार सिलबन्दीसमेत गरी परिक्षणको लागि यथाशिघ्र सम्बन्धित निकायमा नमूना सहित लेखी पठाउनु पर्नेछ।

(४) अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ।

(५) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना सङ्कलन गरी प्रमाणको रुपमा सुरक्षित राखी अरु प्रचलित कानूनबमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित त्यस्तो वस्तु नष्ट गर्नु पर्नेछ र सङ्कलित नमूना आवश्यकताअनुसार परिक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ।

(६) अनुगमन गरिएका माल वस्तुको प्रकृतिअनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्टअनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा प्रदेश कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्यथा खाद्य नियमावली, २०२७ वा उपभोक्ता संरक्षण ऐन, २०७५ वा नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ वा प्रचलित कानूनबमोजिम नमूना सङ्कलन गर्नु पर्नेछ।

(७) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नपर्ने भएमा प्रदेश कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा खाद्य नियमावली, २०२७ वा उपभोक्ता संरक्षण ऐन, २०७५ वा नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ र स्टयाण्डर्ड नापतौल ऐन, २०२५ वा प्रचलित कानूनबमोजिम गर्नु पर्नेछ।

(८) सिलबन्दी गर्नुपर्दा प्रचलित कानूनमा अन्यथा बाहेक व्यवस्था भएकोमा वस्तु वा मालसामान सिलबन्दी गर्नुपर्दा खाद्य नियमावली, २०२७ वा नेपाल गुणस्तर (प्रमाण-पत्र) ऐन, २०३७ वा स्टयाण्डर्ड नापतौल ऐन, २०२५ वा प्रचलित कानूनबमोजिम गर्नु पर्नेछ।

(९) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै र कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलबन्दी गर्न सक्नेछ र यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ।

(१०) उपदफा (९) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरु गरी सिलबन्दी हटाई पाउँ भनी कार्यालयमा निवेदन दिएमा कार्यालयले अनुगमन समितिबाट अनुगमन गराई सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ र सुधार भएको नपाइएमा कानूनबमोजिम कारबाही अगाडि बढाउनेछ।

(११) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप, कानूनद्धारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप भए नभएको विषयमासमेत अनुगमनका क्रममा हेर्नु पर्नेछ।

**१३.** **दण्ड जरिवानाः** (१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ र खानतलासीबाट वस्तु वा सेवाको बिक्रीवितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकताअनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्रीवितरण रोक लगाउन सक्नेछ साथै त्यस्ता वस्तु अनुगमन टोलीले कब्जामा लिई नियमानुसार कारबाहीको प्रक्रिया अगाडि बढाउनेछ।

(२) अनुगमन गर्दा कुनै कानूनी कारबाही गर्नुपर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग तुरुन्त लिखित स्पष्टीकरण माग गर्न सक्नेछ।

(३) अनुगमन टोलीको प्रतिवेदन वा नमूना परीक्षणबाट मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित कानूनबमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३२ बमोजिम तोकिएको निरीक्षण अधिकृत समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा निरीक्षण अधिकृतले प्रचलित कानूनबमोजिम प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम अनुगमन टोलीले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ।

## परिच्छेद- ६

## आचार संहिता

१४. **आचार संहिताः** बजार अनुगमन गर्न जाने अनुगमन टोली सदस्यले देहायबमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः-

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरु बाहेक अरु कसैलाई पनि सो बारेमा पूर्वसूचना वा जानकारी गराउनु हुँदैन,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा ईष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने बिक्रेता व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुदैन,

(घ) अनुगमन गर्न जाँदा प्रदायकहरुले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नुहुँदैन,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन,

(च) अनुगमनको कारबाहीसम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह

गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरुले जानकारी दिनु हुँदैन,

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरु प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

(ज) अनुगमन टोलीका कुनै सदस्यले अनुगमनसम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानूनबमोजिम कारबाही गर्न सकिनेछ,

(झ) मानव अधिकारवादी सङ्घ/संस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरु, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरुले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन्।

तर सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्धारा नै कार्य सम्पन्न गर्नु पर्नेछ,

(ञ) अनुगमन टोलीले अनुगमनमा जानुअघि आवश्यकता अनुसार अन्य मापदण्ड बनाउन सक्नेछ।

## परिच्छेद- ७

## विविध

**१५.** **बजार अनुगमन समितिको कार्यक्रम तथा बजेटः** (१) निर्देशनालय तथा कार्यालयले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ बार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ।

(२) सङ्घीय सरकारबाट बजार अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नु पर्नेछ।

(३) प्रदेश सरकार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले बजार अनुगमन गर्दा लाग्ने अति आवश्यक खर्चको व्यवस्था गर्न सक्नेछ।

(४) बार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समेत समावेश गर्नु पर्नेछ।

(५) बजार अनुगमनको क्रममा नमूना सङ्कलन गर्दा प्रदायकलाई वस्तुको मूल्य भुक्तानी गरी बिल विजक लिनु पर्नेछ।

(६) बजार अनुगमन टोलीमा खटिएका पदाधिकारीहरुलाई कार्यालयले खाजा खर्च बापत प्रतिव्यक्ति प्रति दिन रू पाँच सय र सार्वजनिक सवारी साधन प्रयोग गरी अनुगमनमा खटिनु पर्ने

पदाधिकारीलाई यातायात खर्च बापत प्रतिव्यक्ति प्रतिदिन रू पाँच सय उपलब्ध गराउन सक्ने छ।

१६. **स्थानीय प्रशासनको कर्तव्यः** बजार अनुगमन गर्दा अनुगमन टोलीले सुरक्षालगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

१७. **स्थानीय तहबाटसमेत बजार अनुगमन गर्नेः** स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थानीय स्तरबाटै बजार अनुगमन गर्नु पर्ने छ र बजार अनुगमनका सिलसिलामा देखिन आएका कैफियतसम्बन्धी विषयमा प्रदेश स्तरका कार्यालय वा सङ्घीय सरकारका कार्यालयहरुलाई सुझाव सहितको जानकारी पठाउनु पर्ने छ साथै प्रदेश स्थित कार्यालयहरुलाई स्थानीय स्तरबाट प्राप्त राय सुझाव कार्यान्वयन गर्ने प्रयोजनका लागि निर्देशिकाको दफा ३ बमोजिमको समिति समक्ष उपलब्ध गराउनु पर्नेछ।

१८. **सुपथमूल्यमा खाद्य वस्तु उपलब्ध गराउन सक्नेः** विभिन्न धर्मावलम्बीहरुको महत्वपूर्ण चाडपर्वहरु मनाउने सिलसिलामा उपभोक्ताहरुको सहजताका लागि सुपथ मूल्यमा खाद्यवस्तुहरु उपलब्ध गराउने गरी प्रदेश सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्था सञ्चालन गर्ने मन्त्रालयले उद्योग वाणिज्य सङ्घ, खाद्य व्यापारी कम्पनी, साल्ट ट्रेडिङ लिमिटेड, नेशनल ट्रेडिङ लिमिटेड. जस्ता सरकारी तथा गैह्र सरकारी सङ्घ संस्थाहरुसँग समन्वय गरी सस्तो र सुपथ मूल्यमा उपभोक्तालाई वस्तु उपलब्ध गराउन सक्ने

छ र उपभोक्ताहरुलाई सुपथ मूल्यमा गुणस्तरीय उपभोग्य वस्तुहरु उपलब्ध गराउनु सम्बन्धित सङ्घ संस्थाको कर्तव्य हुनेछ।

१९. **असल नियतले गरेका कामको बचाउः** यस निर्देशिकाबमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरु उपर कुनै कारबाही हुने छैन।

२०. **प्रचलित कानूनबमोजिम हुनेः** यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानूनबमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन।

२१. **प्रतिवेदनः** बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन अनुसूची-३ अनुसार तयार गर्नु पर्नेछ।

२२. **बाधा अड्काउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उपभोक्ता हित संरक्षण समितिको बैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न निर्देशनालयमार्फत मन्त्रालयमा पठाईने छ।

२३. **संशोधनः** यस निर्देशिकामा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही उद्योग, वाणिज्य तथा आपूर्तिको जिम्मेवारी पाएको सम्बन्धित मन्त्रालयको हुनेछ।

२४. **खारेजः** प्रदेशस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७५ खारेज गरिएको छ।

## अनुसूची- १

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

श्री उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
बागमती प्रदेश,
हेटौंडा, मकवानपुर।

**विषयः- बजार अनुगमनको मासिक प्रतिवेदन**

आज मिति २०  ।  ।  सम्म निम्न स्थानहरुमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति/वस्तुहरु. | अनुगमनको विवरण (परिमाण, अवस्था र अन्य कुरा) | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

बोधार्थः

श्री संयोजकज्यू,

उपभोक्ता हित संरक्षण समिति।

# अनुसूची- २

(दफा ६, ७ र ८ सँग सम्बन्धित)

## अनुगमन गरिने वस्तु तथा सेवाहरुको वर्गीकरण

(अ) अनुगमन गरिने वस्तुको वर्गीकरणः बजार अनुगमनको क्रममा विभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नुपर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छ।

**समूह "क" -खाद्यान्न/ माछा/मासुजन्य/तरकारी/ फलफूल/दैनिक उपभोग्य**

(१) खाद्यान्न तथा खाद्य पदार्थहरु नून, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि,

(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरु,

(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्य पदार्थ बिक्रीवितरण गरिने बिक्रीस्थल र भण्डार गृह वा सञ्चय स्थल,

(६) खाने तेल, घिउ (वनस्पती घिउ समेत),

(७) दुध तथा दूग्ध पदार्थहरु र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरु,

(८) माछा, मासु, अण्डा,

(९) मसलाजन्य पदार्थहरु (जिरा, मरिच, अदुवा, लसुन, धनियाँ, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानीलगायतका मसलाको रुपमा उपभोग गरिने पदार्थहरु)

(१०) मासु प्रशोधन हुने बधशाला/मासुजन्य पदार्थको प्याकेजिङ्ग हुने उद्योगहरु,

(११) हरियो तरकारीलगायतका तरकारीजन्य पदार्थहरु, सो बिक्रीवितरण गर्ने तरकारी बजार।

**समूह "ख"- औषधी एवं स्वास्थ्य सेवाः**

(१) औषधी तथा औषधीजन्य पदार्थहरु (पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित औषधीसमेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक, प्याथोलोजी प्रयोगशाला आदि स्वास्थ्य सेवा प्रदायक संस्थाहरु।

**समूह "ग"- रासायनिक मल/बिषादी/विउ बिजन/कृषि औजारः**

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरुसमेत,

(२) रासायनिक मल, विषादी, बिउ विजन, कृषि औजारहरु,

**समूह "घ"- इन्धनः**

(१) इन्धन भण्डारण, इन्धन बिक्री वितरण डिपो, एल.जि. ग्याँस, एल.जि. ग्याँसको उत्पादन कारखाना र प्याकिङ्ग (Refill) केन्द्र, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरुको परिपालना,

**समूह "ङ"- निर्माण सामग्रीः**

(१) ढुङ्गा, ईटा, गिट्टी, बालुवा, सिमेन्ट, माटोलगायतका निर्माण सामाग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्रीवितरणस्थल,

**समूह "च"-शैक्षिक खेलकुद सामाग्रीः**

(१) पाठ्यसामग्री, स्टेशनरीलगायतका शैक्षिक सामग्रीहरु तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरणस्थल,

(२) खेलकुदका विभिन्न सामग्रीहरु तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल,

**समूह "छ"- होटल/लज/रेष्टुराँ/खाजाघर/चमेना गृह/मोटेलः**

(१) होटल/रेष्टुराँ/खाजाघर/चमेनागृह/लज/मोटेलको सरसफाई तथा अन्य व्यवस्थापन,

(२) प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण,

(३) होटल, रेष्टुराँ, मोटेल, खाजाघर, चमेनागृह तथा मिठाई पसलहरुमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्य पदार्थहरु, हल्का पेय पदार्थहरु, मदिराजन्य पदार्थ,

**समूह "ज"- सुर्तिजन्य पदार्थः**

(१) सुपारी, पान पराग, सुर्ति, विडी, चुरोट तथा सुर्तिजन्य अन्य पदार्थसमेत,

**समूह "झ"-नाप तौलः**

(१) ढक, तराजुलगायतका नापतौलमा प्रयोग हुने उपकरणहरु,

**समूह "ञ"-पशुपंक्षी हाट बजारः**

(१) पशुपंक्षी हाटबजार तथा बिक्रीस्थल,

**समूह "ट"-सौन्दर्य सामग्रीः**

(१) विभिन्न प्रकारका सौन्दर्य सामग्रीहरु,

(२) व्यूउटी पार्लर/सैलुन आदि,

(३) सौन्दर्य सामग्री भण्डारण, बिक्रीवितरण गर्ने स्थल,

**समूह "ठ"-विद्युतीय सामानहरुः**

(१) विद्युतीय सामानहरु,

(२) इलेक्ट्रोनिक्स सामानहरु,

**समूह "ड"-रङ्ग/रोगनः**

(१) विभिन्न कम्पनीका भवनसम्बन्धी रङ्ग रङ्गरोगनसम्बन्धी सामग्रीहरु,

(२) विभिन्न कला तथा कलासम्बन्धी सामग्रीहरुमा प्रयोग हुन रङ्गहरु,

(३) खाद्य पदार्थमा प्रयोग हुने रङ्गहरु,

<u>समूह "ढ"-गरगहनाः</u>

(१) सुन, चाँदि,हिरा, मोती, जवाहरत तथा सो बाट निर्मित गरगहनाहरुको नापतौल, गुणस्तर एवं जोख्ने तराजु/विद्युतीय यन्त्र,

<u>समूह "ण"-सवारी साधन</u>

(१) ट्याक्सी मिटर शुल्क र रिक्सा, नगरबस आदिको भाडा आदि,

<u>समूह "त"-अन्यः</u>

(१) अन्य उपभोग्य वस्तुहरुको उत्पादनस्थल, भण्डारण स्थल, प्रशोधनस्थल, ढुवानीको अवस्था, बिक्री स्थल आदि,

**(आ) <u>अनुगमन गरिने सेवाको विवरणः</u>**

(१) व्यापारिक सेवा,

(२) सञ्चार सेवा,

(३) स्थलयातायात तथा हवाई सेवा,

(४) बिद्युत सेवा,

(५) खानेपानी सेवा,

(६) विज्ञापन सेवा,

(७) उपभोग्य सेवा,

(८) स्वास्थ्य सेवा,

(९) वित्तीय सेवाह,

## अनुसूची- ३

(दफा ९ सँग सम्बन्धित)

## दैनिक बजार अनुगमन फाराम

(बजार अनुगमन फारमको प्रमाणित प्रति सम्बन्धित व्यवसायीलाई दिनु पर्नेछ)

मितिः

व्यापारिक प्रतिष्ठानको नामः श्री

ठेगानाः

प्रोपाइटर वा फर्मधनीको नामः

फोन नं.:

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको विक्रीस्थल/ गोदाम/ उद्योगको निरीक्षण गर्दा निम्न अनुरुपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ।

| क्र.सं. | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १. | मूल्य-सूची | | | |
| २. | साइनबोर्ड | | | |
| ३. | व्यवसाय दर्ता/नवीकरण | | | |
| ४. | नापतौलको प्रमाण | | | |
| ५. | लेबलमा खुलाउनुपर्ने कुराहरु स्पष्ट उल्लेख भए/नभएको | | | |
| ६. | म्याद नाघेको सामग्री | | | |
| ७. | स्थानीय लेखा (PAN) नम्बर/VATमा दर्ता | | | |
| ८. | बिक्री बिल दिने प्रक्रिया भए/नभएको | | | |

| | | | | |
|---|---|---|---|---|
| ९. | खाद्य अनुज्ञा-पत्र (खाद्य उद्योगको लागि) | | | |
| १०. | मासुको गुणस्तर सन्तोषजनक भए/नभएको | | | |
| ११. | मिठाईको गुणस्तरलगायतका पक्षहरु सन्तोषजनक भए/नभएको | | | |
| १२. | ग्याँसको तौल, मूल्यलगायतका विषय सन्तोषजनक भए/नभएको | | | |
| १३. | खरिद बिल भए/नभएको | | | |
| १४. | यस अगाडिको निर्देशन पालना भए/नभएको | | | |
| १५. | अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | |

एक पटक दिइएका निर्देशनहरु पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानूनबमोजिम कडा कारबाही हुनेछ।

<u>**निरीक्षण टोलीः**</u>

१. संयोजक श्री ..................................
२. सदस्य श्री ....................................
३. सदस्य श्री ....................................
४. सदस्य श्री ....................................
५. सदस्य श्री ....................................

...................................

माथि उल्लिखित विवरण ठीक छ भनी उत्पादक/बिक्रेताको नाम, थर र दस्तखत

प्रतिष्ठानको छाप :

सम्पर्क फोन नम्बरः

# अनुसूची- ४

(दफा १२ सँग सम्बन्धित)

## मुचुल्का

............. प्रदेश................ जिल्ला............. गाउँपालिका/नगरपालिका/ उ.म.न.पा. /म.न.पा................ वडा नं. ......... टोल.......मा खडा गरेको घटनास्थल/बरामदी/ खानतलासी /सीलछाप लगाएको मुचुल्काः-

१. उजुरी वा सूचनाको छोटकरी विवरणः-

२. चार किल्ला सहित खानतलासी/बरामदी गरिएको चिज वस्तुको नमुना तथा ठाउँको विवरणः

३. बरामद भएको सामान/दसीको विवरण/सीलछाप गरिएको विवरणः

(क)
(ख)
(ग)
(घ)

४. खानतलासी/बरामदी भएको देखेबमोजिम सहीछाप गर्ने साक्षीः- (नाम,थर,उमेर र वतनसमेत)

(क)
(ख)
(ग)

५. रोहबरमा बस्नेहरुको नाम, थर, उमेर, वतन र सहीछापः-

(क)
(ख)
(ग)

६. निरीक्षण टोलीले मेरो उद्योग/गोदाम/पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन। माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरु........उद्योग/ गोदाम/पसलबाट बरामद भएको हो। साथै

टोलीले लगाएको .........अंकित सिल थान........छाप भएको ठिक साँचो हो भनी सहीछाप गर्नेः-

(क)

(ख)

(ग)

७. कार्य तामेली गर्नेः

(क)

(ख)

(ग)

मितिः-

समयः-

स्थानः-

## अनुसूची- ५

(दफा १२ सँग सम्बन्धित)

## <u>तारेख भरपाई</u>

पक्षः..................................................

विपक्षः ............................ प्रदेश ............................ जिल्ला ...................................

गाउँपालिका/नगरपालिका/उ.म.न.पा./म.न.पा. ............................ वडा नं. ........................ स्थायी घर भइ हाल........................................ जिल्ला .............................गाउँपालिका/नगरपालिका /उ.म.न.पा./म.न.पा. वडा नं................ बस्ने श्री .............................. का नाती/नातिनी श्री ...........................का छोरा/छोरी वर्ष ..................... को ................................ नामक व्यवसायका सञ्चालक श्री .................................. सम्पर्क फोन नं. ..................।

**<u>तारेख</u>**

मितिः ................. साल .............महिना............. गते............. रोज दिनको समय .................बजे उपस्थित हुनेछु भनी सही छाप गर्ने ।

हस्ताक्षरः

नाम,थरः

सम्पर्क फोन नंः-

**आज्ञाले,**

**राजेन्द्र कुमार के.सी.**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रू. १५।-